मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर, बागमती प्रदेश, नेपाल

आज मिति २०७७ साल फाल्गुण ५ गते आइतबारका दिन विहान ८:०० बजे यस मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष श्री विदुर हुँमागाईंज्यूको अध्यक्षतामा वसेको ५७ औं गाउँ कार्यपालिकाको वैठक तपसिल वमोजिमका पदाधिकारीहरुको उपस्थितीमा पेश भएका प्रस्तावहरु उपर छलफल गरी तपसिल वमोजिम निर्णय गरियो ।

| सि.नं. | उपस्थिती | हस्ताक्षर |
|---|---|---|
| १ | श्री विदुर हुँमागाईं, अध्यक्ष | |
| २ | श्री हर्कमाया रुम्वा, उपाध्यक्ष | |
| ३ | श्री आइत सिं लो, १ नं. वडा अध्यक्ष | |
| ४ | श्री बखान सिं पाखिन, २ नं. वडा अध्यक्ष | |
| ५ | श्री भागवत घिमिरे, ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री राम प्रसाद तिमल्सिना, ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री जित बहादुर घिमिरे, ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री टिका प्रसाद दाहाल, ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुर्य वहादुर रुम्वा, ७ नं. वडा अध्यक्ष | |
| १० | श्री कुमार सिं घिसिङ, ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री सुरेन्द्र सुनार, कार्यपालिका सदस्य. | |
| १२ | श्री मन्जु योन्जन, कार्यपालिका सदस्य | |
| १३ | श्री चिनिमाया लुङ्वा, कार्यपालिका सदस्य | |
| १४ | श्री वुद्धिमाया वोम्जन, कार्यपालिका सदस्य, | |
| १५ | श्री पातलीमाया गोले, कार्यपालिका सदस्य | |
| १६ | श्री निर्मला विश्वकर्मा, कार्यपालिका सदस्य | |
| १७ | श्री रामकुमार पुडासैनी, प्रमुख प्रशासकिय अधिकृत | |
| **आमन्त्रित उपस्थिती** | | |
| १८ | विष्णु प्रसाद चौवे, राष्ट्रिय प्रशिक्षक | |
| १९ | राम वहादुर घलान, शिक्षा अधिकृत | |
| २० | ध्रुव प्रसाद लामिछाने | |
| २१ | मन्दिरा थापा, म.वि.नि. | |
| २२ | राम प्रसाद दाहाल, वालमैत्री कार्यक्रम संयोजक | |
| २३ | एलिना देवकोटा | |
| २४ | कविराज हुमागाईं - रोजगार संयोजक | |
| २५ | | |

Scanned with CamScanner

## ५७ औं गाउँ कार्यपालिकाको बैठकका प्रस्तावहरु

मिति: २०७७ फाल्गुण ०५

१. वालमैत्री स्थानीय शासन सम्बन्धी हालसम्मको कार्यान्वयनको समिक्षा सम्वन्धमा ।
२. वालमैत्री स्थानीय शासन रणनीति २०६८, वालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि र वालमैत्री स्थानीय तह घोषणा कार्यविधि, २०७० को सम्वन्धमा ।
३. वालमैत्री स्थानीय शासनको न्युनतमको सुचक निर्धारण सम्वन्धमा ।
४. वालवालिकाको संगठन निर्माण र सहजीकरण मार्गदर्शन निर्देशिका २०७४ सम्वन्धमा ।
५. वालमैत्री आचारसंहिता निर्माण सम्वन्धमा ।
६. वालमैत्री स्थानीय शासनका सुचकहरु मापनयोग्य हुनेगरी सरलीकरण सम्वन्धमा ।
७. गाउपालिकास्तरीय वालमैत्री स्थानीय शासन समितिमा रहने पदाधिकारीहरुको अनुमोदन र समितिलाई पूर्णता दिने सम्वन्धमा ।
८. ६ देखि १० गते सम्म वडास्तरीय वालमैत्री स्थानीय शासन सम्वन्धी अवलम्वन तथा प्रतिवद्धता सम्वन्धमा ।
९. वालमैत्री स्थानीय शासन वडा सदस्य तथा वडा सम्पर्क व्यक्ति तोक्ने सम्वन्धी
१०. वालमैत्री स्थानीय शासन सञ्चालनका लागि गठीत कार्यान्वयन कार्यदल गाउँसभाबाट अनुमोदन हुनेगरी स्विकृत सम्वन्धमा ।
११. वालमैत्री स्थानीय शासन सम्वन्धी नीतिगत निर्णय सम्वन्धमा ।
१२. माटोको निकासी कर व्यवस्थापन सम्वन्धमा ।
१३. खेलमैदानका लागि वजेट विनियोजन सम्वन्धमा ।
१४. प्रदेश समृद्धि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. लाई घ वर्गको इजाजत पत्र दिने सम्वन्धमा ।
१५. टोलविकास संस्था तथा समूहको लेखापरिक्षण कार्यविधि सम्वन्धमा ।
१६. शिक्षक स्वर्णीम अवकाश प्रोत्साहन कार्यविधि, २०७७ सम्वन्धमा ।
१७. सहलगानी सम्वन्धमा ।
१८. योजना संशोधन सम्वन्धमा ।
१९. प्रदेश समपुरक, विशेष अनुदानका लागि योजनाहरुको तयारी सम्वन्धमा ।

## ५७ औं गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु :

१. **निर्णय नं. १ : वालमैत्री स्थानीय शासन सम्बन्धी हालसम्मको कार्यान्वयनको समिक्षा सम्बन्धमा ।**

गाउँपालिकाले आगामी वर्ष २०७८ मा वालमैत्री स्थानीय शासन युक्त गाउँपालिका घोषणा गर्ने सन्दर्भमा वार्षिक नीति, योजना कार्यक्रमहरु २ दिन गाउँपालिकास्तरीय नीतिगत अवलम्वन तथा घोषणाको लागि भएको अभिमुखिकरणमार्फत आगामी वर्ष २०७८ मा गाउँपालिकालाई वालमैत्री स्थानीय शासन युक्त गाउँपालिकाको रुपमा अगाडि वढ्न सामुहिक प्रतिवद्धता समेत जनाइसकेको सन्दर्भमा हाल सवै वडाहरुमा वडास्तरीय नीतिगत अवलम्वन तथा घोषणाको लागि सामुहिक प्रतिवद्धता कायम गराउन अभिमुखिकरण भइरहेको अवस्थामा यो अभियानलाई सार्थक तुल्याउन जनप्रतिनिधि तथा कर्मचारीहरुले प्रभावकारी ढंगले कार्यक्रमहरुमा सक्रिय एवं अर्थपूर्ण सहभागिता जनाई अभियान सञ्चालनमा योगदान तथा सहयोग पुऱ्याउन तपसिल वमोजिम कार्यगर्ने निर्णय गरियो ।

**तपसिल**

- कार्यक्रम सञ्चालनका क्रममा सरोकारवालाहरुको सक्रिय एवं अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सूचना तथा सञ्चार प्रणालीलाई भरपर्दो वनाउने ।

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मक्रान्चुली, मकवानपुर बागमती प्रदेश, नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

- कार्यक्रम सञ्चालनलाई हलको सुनिश्चित गर्ने तथा हल नभए खुल्ला चौरमा कार्यक्रम व्यवस्थापन गर्ने,
- समयको पालनामा विशेष ख्याल गर्ने र बालमैत्री शासन कार्यक्रम तथा अभियानलाई चासो र सरोकारको रुपमा अगाडी बढाउने ।
- अनिवार्य उपस्थित हुनै पर्ने सरोकारवालाहरुको उपस्थिती अनिवार्य गराउने ।
- बालमैत्री गाउँपालिका घोषणा गर्ने सवालमा सबै जनप्रतिनिधिहरु एकाकार एवं एक ढिक्का हुने । बालमैत्री गाउँपालिका घोषणाको लागि सबै सरोकारवालाहरु ऐक्यबद्ध हुने ।
- स्वास्थ्य, शिक्षा, गाउँपालिकास्तरीय वडास्तरीय बालबालिकासँग सम्बन्ध राख्ने बैठकहरु नियमित बस्ने व्यवस्था मिलाउने ।
- प्रत्येक वडामा करारमा नियुक्त गरिएका वडा बालमैत्री सहजकर्ताहरुलाई प्रति व्यक्ति १३,५०० ( तेह्र हजार पाँच सय) का दरले पारिश्रमिक उपलब्ध गराउने ।

२. **बालमैत्री स्थानीय शासन रणनीति २०६८, बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि र बालमैत्री स्थानीय तह घोषणा कार्यविधि, २०७० को सम्बन्धमा ।**

गाउँपालिकालाई आगामी वर्षसम्ममा बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणालाई पूर्ण सफलतातर्फ अगाडि बढाउन नेपाल सरकारबाट विभिन्न समयमा जारी भएका बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८, बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ र बालमैत्री स्थानीय तह घोषणा सम्बन्धी कार्यविधि २०७० मकवानपुरगढी गाउँपालिकाको हकमा समेत उपयोगी एवं सान्दर्भिक रहेको हुदाँ उक्त रणनीति तथा कार्यविधिहरु अनुमोदन गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो । साथै कानुनहरु छपाई गरी सबै वडाहरुमा पठाउने निर्णय गरीयो ।

३. **बालमैत्री स्थानीय शासनको न्युनतमको सुचक निर्धारण सम्बन्धमा ।**

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ ले बालमैत्री स्थानीय तह हुनका लागि तोकेका ३९ वटा सूचकहरुको अधिनमा रही कार्यक्रम तथा योजनाहरु सञ्चालन व्यवस्थापन तथा कार्यान्वयन गर्न सोही ३९ वटा सूचकहरुलाई आधारभूत एवं न्युनतम् सूचकका रुपमा निर्धारण गर्ने निर्णय सर्वसम्मतीमा गरियो । साथै उक्त न्युनतम सुचकहरु छपाई गरी सबै वडाहरुमा पठाउने निर्णय गरीयो ।

४. **बालबालिकाको संगठन निर्माण र सहजीकरण मार्गदर्शन निर्देशिका २०७४ सम्बन्धमा ।**

मकवानपुरगढी गाउँपालिका क्षेत्रभित्र रहेका सबै विद्यालय तथा समुदायस्तरमा गठीत बालसमूहहरु र वडा तथा पालिकास्तरीय बालसमूह तथा सञ्जाललाई प्रभावकारी ढंगले परिचालन गर्न नेपाल सरकारबाट जारी गरिएको नमूना बालबालिकाको संगठन निर्माण र सहजीकरण मार्गदर्शन २०७४ का सम्बन्धमा छलफल, परामर्श तथा परिमार्जन सहित स्विकार तथा अनुमोदन गरी कार्यान्वयनमा ल्याउने निर्णय सर्वसम्मतीमा गरियो । साथै उक्त निर्देशिका छपाई गरी सबै वडाहरुमा पठाउने निर्णय गरीयो ।

५. **बालमैत्री आचारसंहिता निर्माण सम्बन्धमा ।**

मकवानपुरगढी गाउँपालिकाकालाई आगामी २०७८ भित्रमा बालमैत्री स्थानीय तहका रुपमा अगाडी बढाउनका लागि जनप्रतिनिधि, बालबालिका, अभिभावक तथा विद्यालयले पालन गर्ने आचारसंहिताका विषयमा आजका बैठकमा उपस्थित कार्यपालिका सदस्य तथा आमन्त्रित

प्रमुख प्रशासकीय अधिकृत

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर मनहरी, बागमती प्रदेश, नेपाल

सदस्यहरुलाई ४ समूहमा विभाजन गरी पर्याप्त छलफल तथा परामर्शबाट मकवानपुरगढी गाउँपालिका क्षेत्रभित्रका सबै सरोकारवालाहरुले पालन गर्नुपर्ने आचारसंहिताको संलग्न बमोजिम अन्तिम मस्यौदा तयार गरी पारीत गरियो साथै उक्त आचारसंहिता जानकारीका लागि छपाई गरी सबै वडाहरुमा पठाउने निर्णय सर्वसम्मतीमा गरीयो ।

६. **वालमैत्री स्थानीय शासनका सुचकहरु मापनयोग्य हुनेगरी सरलीकरण सम्बन्धमा ।**
वालमैत्री स्थानीय शासन सम्वद्ध सवै सरोकारवालाहरुको सहभागितामा वालमैत्री स्थानीय शासनका सूचकहरु मापनयोग्य हुनेगरी सरलीकरण गरिएकोले सवै वडाहरुमा प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि पारीत गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

७. **गाउँपालिकास्तरीय बालमैत्री स्थानीय शासन समितिमा रहने पदाधिकारीहरुको अनुमोदन र समितिलाई पूर्णता दिने सम्बन्धमा ।**
गाउँपालिकाले मिति २०७७ माघ १९ र २० गते आयोजना गरेको वालमैंत्री स्थानीय शासन सम्वन्धी नीतिगत अवलम्वन तथा सामुहिक प्रतिवद्धता सम्वन्धी २ दिने अन्तर्क्रिया एवं अभिमुखिकरण कार्यक्रममा सबै सरोकारवालाहरुको समुपस्थितीमा गठन भएको तपसिल बमोजिमको वालमैत्री स्थानीय शासन गाउँ समितिलाई देहाय वमोजिम पूर्णता दिने निर्णय सर्वसम्मतीमा गरियो ।

तपसिल

| | | |
|---|---|---|
| • गाउँपालिका अध्यक्ष श्री विदुर हुमागाई | : | अध्यक्ष |
| • गाउँपालिका उपाध्यक्ष श्री हर्कमाया रुम्वा | : | उपाध्यक्ष |
| • स्वास्थ्य संयोजक श्री ध्रुव प्रसाद लामिछाने | : | सदस्य |
| • शिक्षा संयोजक श्री राम वहादुर घलान | : | सदस्य |
| • महिला तथा वालवालिका शाखा प्रमुख श्री मन्दिरा थापा | : | सदस्य |
| • खानेपानी स्वच्छता तथा सरसफाई समितिका अध्यक्ष श्री कृष्ण प्र. पोखरेल | : | सदस्य |
| • गैरसरकारी संस्थाको तर्फवाट शिव चौलागाईं | : | सदस्य |
| • विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री शिव प्रसाद पुडासैनी | : | सदस्य |
| • महिला स्वास्थ्य स्वयंसेवीका श्री राधिका सापकोटा | : | सदस्य |
| • पालिकास्तरीय वाल सञ्जालका वालक श्री ..... | : | सदस्य |
| • पालिकास्तरीय वाल सञ्जालकी वालिका श्री ....... | : | सदस्य |
| • संघ संस्थाको तर्फवाट १ जना महिला श्री देवकी चौलागाईं | : | सदस्य |
| • वालमैत्री सम्पर्क व्यक्ति श्री राम प्रसाद दाहाल | : | सदस्य |
| • प्रमुख प्रशासकिय अधिकृत श्री रामकुमार पुडासैनी | : | सदस्य-सचिव |

*नोट : उल्लेखित समितिमा विज्ञता प्राप्त व्यक्तिलाई आमन्त्रित सदस्यको रुपमा उपस्थिती गराउने सकिनेछ । समितिमा रीक्त रहेका पदहरु सञ्जाल गठन भए पश्चात पूर्ति गरिनेछ ।*

८. **६ देखि १० गते सम्म वडास्तरीय बालमैत्री स्थानीय शासन सम्बन्धी नीतिगत अवलम्बन तथा प्रतिवद्धता सम्बन्धमा ।**

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर मनहरी, बागमती प्रदेश, नेपाल

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर
मकान्पुली, मकवानपुर
बागमती प्रदेश, नेपाल

बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका बनाउन अभियानलाई सार्थक तुल्याउन गाउँपालिकाले गाउँपालिकास्तरीय नीतिगत अवलम्वन तथा सामुहिक प्रतिवद्धता जनाइसकेको तथा गएको माघ ३० देखि फाल्गुण २ गते सम्म वडा नं. ३, ५ र ६ मा जनप्रतिनिधि उद्यमी व्यवसायी, शिक्षक तथा सरोकारवाला सबैको समुपस्थितीमा वडास्तरीय नीतिगत अवलम्बन तथा सामुहिक प्रतिवद्धता गराउने कार्यक्रम सम्पन्न भईसकेको सन्दर्भमा बाँकी वडाहरुमा समेत उक्त वडास्तरीय अभिमुखिकरण तथा नीतिगत अवलम्वन कार्यक्रमलाई यहि फाल्गुण ६ देखि १० गते आयोजना गरी सबै वडाहरुमा उक्त सामुहिक प्रतिवद्धता सम्पन्न गर्ने निर्णय सर्वसम्मतीमा गरीयो साथै बालमैत्री स्थानीय शासन सम्वन्धी कार्यक्रमहरुलाई विधिवत एवं प्रभावकारी रुपमा अगाडी वढाउने निर्णय गरियो ।

## ९. बालमैत्री वडा सम्पर्क व्यक्तिको रुपमा वडा सदस्य तोक्ने सम्बन्धी

वडागत रुपमा सबै वडाहरुमा सञ्चालन गरिने बालमैत्री स्थानीय शासन सम्वन्धी विभिन्न योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी एवं चुस्त वनाउन गाउँपालिकाका सबै वडाहरुमा एक वडा एक वडा सदस्य सम्पर्क व्यक्तिको रुपमा रहने गरी जिम्मेवारी प्रदान गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

| वडा नं. | वडा सम्पर्क व्यक्तिको रुपमा वडा सदस्य |
|---|---|
| १ | गणेश प्रसाद गोले |
| २ | राम प्रसाद पुडासैनी |
| ३ | सरीता सापकोटा |
| ४ | सन्तु थिङ्ग |
| ५ | सुकराम थिङ्ग |
| ६ | केशव प्रसाद न्यौपाने |
| ७ | सानो कान्छा थिङ्ग |
| ८ | गोकुल प्रसाद देवकोटा |

## १०. बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यदल गठन सम्बन्धमा

बालमैत्री स्थानीय शासन सञ्चालन सम्वन्धी विभिन्न कार्यक्रमहरुको अनुगमन तथा मुल्याकंन गर्नका लागि देहाय वमोजिम एक कार्यान्वयन कार्यदल गठन गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

- गाउँपालिका उपाध्यक्ष श्री हर्कमाया रुम्वा : संयोजक
- सामाजिक विकास समिति संयोजक श्री जीत वहादुर घिमिरे : सदस्य
- प्रमुख प्र. अधिकृत श्री रामकुमार पुडासैनी : सदस्य
- शिक्षा संयोजक श्री राम वहादुर घलान : सदस्य
- स्वास्थ्य संयोजक श्री ध्रुव लामिछाने : सदस्य
- महिला तथा वालवालिका शाखा प्रमुख श्री मन्दिरा थापा : सदस्य
- सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा प्रमुख श्री मान कुमारी भट्टराई : सदस्य
- कार्यक्रम संयोजक श्री राम प्रसाद दाहाल सदस्य : सदस्य-सचिव

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्पुली, मकवानपुर
बागमती प्रदेश, नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

११. **बालमैत्री स्थानीय शासन सम्बन्धी नीतिगत निर्णय तथा कार्ययोजनागाउँसभाबाट अनुमोदन हुनेगरी स्विकृत सम्बन्धमा।**

बालमैत्री स्थानीय शासन सञ्चालन अभियानलाई मूर्त रुप दिनका लागि यस बैठक तथा अघिल्ला बैठकहरुमा भएका नीतिगत निर्णयहरुलाई आगामी गाउँसभाबाट अनुमोदन गर्ने निर्णय सर्वसम्मतीमा गरियो साथै बालमैत्री गाउँपालिका बनाउने अभियानलाई तदारुकता दिन तथा आर्थिक प्रशासनिक मार्गप्रशस्त गर्नका लागि आवधिक रुपमा कार्यक्रमहरु सञ्चालन गर्ने गरि माघ १९ र २० को बालमैत्री स्थानीय शासन नीतिगत अवलम्वन तथा सामुहीक प्रतिवद्धता सम्बन्धी कार्यक्रमबाट तयार गरिएको तपसिलको कार्यान्वयन कार्ययोजनालाई आगामी गाउँसभाबाट अनुमोदन हुनेगरी स्विकृत गर्ने निर्णय सर्वसम्मतीमा गरियो।

**तपसिल**

**मकवानपुरगढी गाँउपालिका**
**गाँउ कार्यपालिकाको कार्यालय, मकवानपुर,**
**वालमैत्री स्थानीय शासन नीतिगत अवलम्वन तथा घोषणाका लागि प्रकियागत नतिजामुखि कार्ययोजना**
**आ.व. २०७७/०७८ र आर्थिक वर्ष २०७८/०७९ सम्मको लागि**

| क्र.स | कार्य विवरण | मिति | अनुमानित वजेट | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|
| १ | बालमैत्री स्थानीय शासन नीतिगत अवलम्वन तथा घोषणा सम्वन्धी गाँउपालिका स्तरीय २ दिने अभिमुखीकरण गर्ने | २०७७ माघ १९ र २० | १,५०,००० | गाँउपालिका |
| २ | बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि नतिजामुखि कार्ययोजना स्वीकृत गर्ने। | कार्यपालिकको आगामी वैठक र सभामा | ... | गाँउपालिका |
| ३ | बालमैत्री स्थानीय शासन नीतिगत कार्यान्वयनका लागि अवलम्वन तथा घोषणा सम्वन्धी वडा स्तरीय अभिमुखीकरण गर्ने, एक, एक दिने | वि.सं.२०७७ चैत्र भित्र | ३,५०,००० | वडा, गाँउपालिका |
| ४ | (क)विद्यालयका प्र.अ.वि.व्य.स अध्यक्ष, (ख) स्वाश्थ्य चौकी इन्चार्ज महिला स्वस्थ्य स्वयमसेविका,स्वाश्थ्य कर्मी (ग) संघ सस्था,गै.स.स.,सहकारी युवा क्लब (घ) संचार कर्मीहरुलाई १।१ दिन बालमैत्री स्थानीय शासन कार्यन्वयन,घोषणा र दिगोपनामा भुमिका सम्वन्धी अन्तरकृया (पालिका स्तरीय) गर्ने | वि.सं.२०७८ जेष्ठ भित्र | २,२०,००० | गाँउपालिका |
| ५ | बालबालिकाको वस्तुगत विवरण प्रश्नावली छपाई,घरधुरी सर्भे र वडागत ,पालिका स्तरीय प्रकाशन गर्ने | २०७८ वैशाख १५ भित्र | ४,००,००० | वडा ,गाँउपालिका |
| ६ | बालसमूह,बालसमूह संजाल गठन, पुर्नगठन गर्ने | वि.सं.२०७७ चैत्र भित्र | १,५०,००० | वडा,गाँउपालिका |
| ७ | सभामा अवलम्वन गर्ने निर्णय र वजेट बिनियोजन गर्न निर्णय गर्ने | अगामी सभामा | ...... | वडा, कार्यपालिका |
| ८ | बालसमूह संजालको नियमित वैठक बस्न कक्षको व्यवस्था गर्ने। वडा र गापाको | २०७८ असोज भित्र | ४,००,००० | वडा, गापा |
| ९ | गाँउपालिका CFLG टाक्स फोर्स (कार्य दल) गठन, परिचालन गर्ने | २०७८ वैशाख भित्र | ...... | गापा |

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकान्पुली, मकवानपुर बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १० | सूचक सरलीकरण तथा बालमैत्री आचारसंहिता निर्माण कार्यशाला गर्ने | २०७८बैशाख भित्र ( सम्भव भए माघ) | ६५,००० | वडा,गाँउपालिका |
| ११ | बालमैत्री आचारसंहिता बैठक बाट स्वीकृत,.................. छपाई, बितरण,बिद्यालय,टोल,टोलमा छलफल गर्ने............. | बैठकमा २०७८ बैशाख भित्र | १,५०,००० | वडा,गाँउपालिका |
| १२ | बि.व्य.समिति. स्वा.व्य.समितिको बैठकमा आमान्त्रित अर्थपूर्ण बालसहभागिता गर्ने | २०७८ बैशाख भित्र | ...... | गापा ,वडा समिति |
| १३ | .बालमैत्री स्थानीय शासनको सम्पर्क शाखा इकाइको संस्थागत प्रबन्ध, सम्पर्क व्यक्ति तोक्ने (गापामा)<br>बालमैत्री पालिका सहजकर्ता नियुक्त गर्ने........................ | आगामीसभा,बैठकमा पास गर्ने भैसकेको छ | | वडा, गाँउपालिका |
| | वडामा बालमैत्री स्थानीय शासन सम्पर्क व्यक्ति एक एक जना तोक्ने<br>वडा बालमैत्री सहजकर्ता नियुक्त गर्ने ८ जना | वडा बैठकमा<br>बैठकमा | .......<br>१७,५०,००० | कार्यपालिका |
| १४ | बालसमूह, बालसमुह संजाललाइ ,गठन,सहजीकरण मार्गदशन निर्देशिका २०७४ बमोजिम क्षमता बिकास सम्वन्धी प्रशिक्षण दिने | वि.सं.२०७८ कार्तिक भित्र | सम्भव भए ३,३ वडाको एक ठाउंमा ५,००,००० | वडा, गाँउपालिका |
| १५ | बालमैत्री स्थानीय शासनको नीतिगत कार्यान्वयनका लागि नीतिगत प्रस्तावमा निर्णय गर्ने | आगामी बैठकमा | ....... | कार्यपालिकाको बैठक |
| १६ | (क) मकवानपुरगढी गापाको बालबालिका सम्वन्धी नीति निर्माण गर्ने<br>(ख) बालमैत्री स्थानीय शासन तथा वालअधिकार संरक्षण कार्यविधि निर्माण गर्ने<br>(ग) बालकोष संचालन कार्यविधी निर्माण गर्ने<br>(घ) वालसमूह तथा वालसमूह संजालको विधान निर्माण गर्ने | २०७८ असोज भित्र | १,७५,००० | कार्यपालिकामा निर्णय गर्ने |
| १७ | बालमैत्री गतिविधी कागजात दस्तावेज व्यवस्थापन फाइल सूची तयारी, २ दिने कार्यशाला गर्ने ८ वटै वडाको एक ठाउँमा | वि.सं.२०७८ जेष्ठ भित्र | १,५०,००० | वडा, गाँउपालिका |
| १८ | बालमैत्री स्थानीय शासनको सूचकको कार्यान्वयनको अवस्था मापन तथा बालबालिकाको त्रिवर्षिय आवधिक लगानी योजना निर्माण कार्याशाला, स्थलगत वडा,वडा स्तरीय ३,३ दिन । ( दुई दुई ओटा किताब तयार | वि.सं.२०७८ जेष्ठ भित्र ३,५,६ न.वडाको पहिलो चरणमा | ७,५०,००० | वडा, गाँउपालिका |
| १९ | विद्यालयको गेटमा सचेतना वोर्ड, कीराना पसल,खुद्रा पसलमा सावधान वोर्ड, वालविवाह,निकृष्ट वालश्रम वारे घर घरमा पत्राचार,सुचना,पर्चा पम्प्लेट आदि | २०७८ कार्तिक भित्र (पत्राचार माघमा) | ५,५०,००० | वडा तथा गाँउपालिक |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| २० | बालमैत्री अध्ययन अवलोकन भ्रमण गर्ने बकैया गापा घोषणा समारोहमा | २०७७ माघ भित्र | १,००,००० | वडा तथा गाँउपालिका |
| २१ | बालबालिकाको स्थिती प्रतिवेदन तयारी,अन्तिम सूचक मापन गर्ने<br>बालमैत्री वडा, घोषणा पश्चात दिगोपनाका लागि रणनीतिक योजना निर्माण,छपाई,वितरण गर्ने पालिका स्तरीय | बालमैत्री घोषणा भन्दा करीब ४५ दिन अगाडी तर ३,५,६ न.वडालाई प्रथम चरणमा | ४,२५,००० | वडा तथा गाँउपालिका |
| २२ | अनुगमन, समिक्षा र मुल्यांकन (अनुगमन चेकलिष्ट सहित | ३।३ महिनामा | २,५०,००० | वडा,गापा,जिसस |
| २३ | वडा तथा गाउं सभा,भेला बाटै प्रतिवद्धता सहितको निर्णय | आगामी सभामा | ..... | गाँउपालिका |
| २४ | बालबालिकाको लगानी योजना एवं वार्षिक गाँउ विकास योजना बमोजिमका कार्यक्रम संचालन<br>नोट:नीति तथा कार्यक्रम किताबमा उक्त कार्ययोजना समावेस गरेको हुनु पर्छ। | आगामी सभा वाट | ......... | गाँउपालिका |
| २५ | बालमैत्री गापा घोषणा कार्ययोजना तयारी<br>वडालाई पुरस्कार स्वरुप थप अनुदान ५०,०००प्रति वडा | घोषणा समारोहमा | ........<br>४,५०,००० | वडा तथा गापा |
| २६ | बालमैत्री गापा घोषणा गर्ने | २०७८ मंसिर भित्र<br>२०७८ जेष्ठ ३,५,६ | ........<br>१०,००,००० | वडा,गापा<br>कार्यपालिका |
| २७ | बालमैत्री गाउँपालिका घोषणा समारोह व्यवस्थापन,सामाग्री आदि | | ६,००,००० | कार्यपालिका |
| २८. | विविधः | | ८५,८५,००० | |
| | जम्मा अनुमानित रुः | | | |

**नोट : यो कार्ययोजना गांउँपालिकाले आगामी वैठक द्वारा पारित गरी सभाको वजेट,नीति तथा कार्यकम किताबमा समावेस गरी कार्यान्वयन गरिनेछ । साथै उक्त कार्ययोजनाहरु सबै वडामा संचालन भै विशेष रुपले ३,५,६ न. वडाले पूर्व तयारी गरिनेछ ।**

१२. **माटोको निकासी व्यवस्थापन सम्बन्धमा ।** माटोको निकासी व्यवस्थापनमा एकरुपता ल्याउन तथा कर छली, चोरी निकासी रोक्नका लागि देहायवमोजिम गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

- शिखरकटेरी नाकामा खानी विभागसँग समनन्वय गरी कम्प्युटर चेकिङ सिस्टम लागू गर्ने,
- तत्काल शिखरकटेरी नाकामा प्रहरी चौकीको व्यवस्था गर्न सम्वन्धीत निकायसँग समन्वय गर्ने,
- दैनिक ज्यालादारीमा थप २ जना व्यक्ति राख्ने,
- व्यक्तिले निजि रुपमा भोगाधिकार प्राप्त गरेको जमिनको माटो खन्ने तथा निकासी गर्ने सन्दर्भमा गाउँपालिकाको प्राविधिकले स्थलगत रुपमा नाँपजाँच गरी खन्ने परिमाणको लागत अनुमान तयार गर्ने र सो लागत अनुमानमा उल्लेखित परिमाणको आधारमा एकमुष्ट राजश्व जम्मा गरेपश्चात नाकामा वस्ने कर्मचारीले जम्मा परिमाणको

अध्यक्ष                प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

आधारमा रजिष्टर खडा गरी हिसाव राख्ने र राजश्व रकम अनुसारको परिमाण सकिने वित्तिकै थप माटो निकासी गर्नुपरेमा पुनः नापजाच गरी एकमुष्ट राजश्व जम्मा गरि गाउँपालिकाको स्विकृती लिने प्रक्रिया अपनाउने ।

१३. **खेलमैदानका लागि बजेट विनियोजन सम्बन्धमा ।**

चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम अनुसार खेलकुद क्षेत्रमा विनियोजन भएको बजेटबाट सबै वडाहरुमा तपसिल बमोजिम खेलमैदान तयारीका लागि आवश्यक बजेट विनियोजन गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

तपसिल

| वडा नं. | खेलमैदान | बजेट | बजेट शिर्षक |
|---|---|---|---|
| १ | आँपटार खेलमैदान | १ लाख | खेलकुद शिर्षक |
| १ | पिङ्गडाँडा खेलमैदान | २ लाख | खेलकुद शिर्षक |
| २ | चण्डिका मा.वि. खेलमैदान | १ लाख ५० हजार | खेलकुद शिर्षक |
| ३ र ४ | कालिखोला दमार खेलमैदान | २ लाख ५० हजार | खेलकुद शिर्षक |
| ५ | ज्यामिरे खेलमैदान | १ लाख | खेलकुद शिर्षक |
| ६ | ठुली वेसी खेलमैदान | १ लाख ५० हजार | खेलकुद शिर्षक |
| ७ | भुँडेदमार खेलमैदान | १ लाख ५० हजार | खेलकुद शिर्षक |
| ८ | खेलमैदान वुढीचौर | २ लाख | खेलकुद शिर्षक |
| ९ | स्थानीय तह तेश्रो शहिद स्मृती मकवानपुर गोल्डकप राष्ट्रिय फुटवल प्रतियोगिता | ५ लाख | खेलकुद शिर्षक |
| | जम्मा | १८ लाख | |

१४. **प्रदेश समृद्धि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. लाई घ वर्गको इजाजत पत्र दिने सम्बन्धमा ।**

गाउँपालिकाले पारीत गरेको घ वर्गको इजाजत सम्बन्धी कार्यविधि बमोजिम गाउँपालिकामा पेश हुन आएको प्रदेश समृद्धि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. लाई आवश्य प्रक्रिया पुरा गरी नियमानुसार घ वर्गको इजाजत पत्र प्रदान गर्न कार्यपालिका कार्यालयलाई आदेश गर्ने निर्णय गरियो ।

१५. **टोल विकास संस्था तथा समूहको लेखापरिक्षण कार्यविधि सम्बन्धमा ।**

टोल विकास संस्थाहरुले वार्षिक रुपमा गरेका कारोवार गरेका लेखा सम्वन्धी कागजातहरुको लेखापरीक्षण गर्नका लागि कार्यपालिकामा मस्यौदाका रुपमा पेश भएको टोल विकास संस्थाको लेखापरिक्षण सम्वन्धी कार्यविधि सर्वसम्मत रुपमा पारीत गरियो ।

१६. **शिक्षक स्वर्णीम अवकाश प्रोत्साहन कार्यविधि सम्बन्धमा ।**

अघिल्लो कार्यपालिकाको वैठकमा मस्यौदाको रुपमा पेश भएको शिक्षक स्वर्णिम अवकाश प्रोत्साहन कार्यविधि, २०७७ को अन्तिम मस्यौदा उपर आवश्यक छलफल गरी पारीत गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

१७. **सहलगानी सम्बन्धमा ।**

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

संघिय सरकारवाट मिति २०७७।१०।२१ गते प्रदेश र स्थानिय तहमा आव ०७७।०७८ का लगि सहलगानीमा संचालन गरिने आयोजना पेश गर्ने सम्वन्धी प्रकाशित सुचना अनुसार यस गाउपालिकाले वडा नं. २, ३, ५, ६ र ७ को विच भाग भएर वग्ने सामरी खोला नियन्त्रण, वस्ति संरक्षण तथा खोलाको दाँया वायावाट सडक निर्माण गर्नको लागी तयार गरेको वातावरणीय प्रभाव मुल्याङ्कन तथा आयोजनाको विस्तृत परियोजना प्रतिवेदन अनुसार गाउँपालिकावाट व्यहोर्ने रकम तथा संघिय सरकारसंग सहलगानीमा माग गरिने तपसिल वमोजिमको रकमको आधारमा गाउँपालिकावाट लगानी गर्ने रकमको श्रोत सुनिश्चत गर्दै संघीय सरकारसंग सहलगानीमा योजना माग गर्ने भनि सर्वसम्मत निर्णय गरियो।

**तपसिल**

| क्र स | योजनाको नाम | कुल लागत अनुमान | गाउपालिका वाट व्यहोर्ने रकम | संघिय सरकार संग माग गरिएको रकम | कैफियत |
|---|---|---|---|---|---|
| | सामरी खोला नियन्त्रण, वस्ति संरक्षण तथा खोलाको दाया वायावाट सडक निर्माण | ३९,८४,५६,४७१.७० | १२,३४,५६,४७१.०० | २७,७५०,००,०००। | यो योजना ५ वर्ष भित्र सम्पन्न गरिने छ गाउपालिका वाट प्रत्येक वर्ष २४६९१२९४ रुपैया नदिजन्य पदार्थ उत्खनन तथा निकासि वाट प्राप्त आम्दानि वाट व्यहोरिने छ। |

१८. **योजना संशोधन तथा विभिन्न योजना सम्वन्धमा।**

चालु आर्थिक वर्षका लागि गत २०७७ असारमा तपसिल वमोजिमका वजेट शिर्षकमा विनियोजन भएको रकम आगामी गाउँसभावाट अनुमोदन हुनेगरी देहायका नयाँ वजेट शिर्षक खडा गरी कार्यान्वयन गर्ने र SUTRA प्रविष्टि भएपश्चात भुक्तानि दिने,

**तपसिल**

| सि. नं | ब.शि. | विनियोजन रकम | नयाँ ब.शि. | विनियोजन रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | असहायसँग अध्यक्ष कार्यक्रम | - | आर्थिक सहायता | ५ लाख | रकमान्तर |
| २ | स्वास्थ्य विमा कार्यक्रम वडा नं. ८ (खारेज गर्ने) | १ लाख | वागेश्वरी प्रा.वि. मर्मत तथा सुधार | १ लाख | ब.शि संशोधन |
| ३ | | | योजना फुलबारी पुच्छार टोल कुवा मर्मत योजना | १ लाख | नयाँ शिर्षक थप |
| ४ | तरकारी संकलन केन्द, (खारेज गर्ने) | २ लाख | टनेला तरकारी खेती | २ लाख | ३ लाख रहेकोमा २ लाख थप गरी कूल ५ लाख |
| ५ | वड्कीटार रिङ्गरोड ग्राभेल (शिर्पक खारेज गर्ने) | ४ लाख | वडा कार्यालयदेखि मानेडाँडासम्म स्ल्याव ढलान | ६ लाख | पुरानो शिर्षक हटाई नँया ब.शि कायम गरी कार्यान्वयन गर्ने |
| | वडा कार्यालयदेखि मानेडाँडासम्म ग्याबीन जाली तथा हेमपाइप (शिर्पक खारेज गर्ने) | २ लाख | | | |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

१९. **आर्थिक सहायता सम्बन्धमा ।**

आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७४ बमोजिम यस गाउँपालिकामा स्वास्थ्य सम्बन्धी समस्या भएका निवेदक तथा बिरामीहरुले दिएको निवेदन तथा खर्च भएको रकम अनुसार गाउँपालिका अध्यक्षज्यूबाट तोक आदेश भई अनुमोदन गर्नुपर्ने तथा आर्थिक सहायताका लागि पेश भएका सहयोगापेक्षी विपन्न तथा स्वास्थ्य समस्याबाट पिडित व्यक्तिहरुलाई तपसिल बमोजिम रकम आर्थिक सहयोग स्वरुप उपलब्ध गराउने निर्णय सर्वसम्मतीमा गरियो ।

**तपसिल**

| सि. नं. | विरामी वा निवेदकको नाम र ठेगाना | स्वास्थ्य समस्या | सहायता रकम | बजेट खर्च शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | मान बहादुर मोक्तानका बुवा जीत बहादुर मोक्तान वडा नं. ७ | मृगौला | २० हजार | आर्थिक सहायता | |
| २ | बहादुर सिं घलान, वडा नं. ७ | मृगौला | २५ हजार | आर्थिक सहायता | |

२०. **प्रदेश समपुरक, विशेष अनुदानका लागि योजनाहरुको तयारी सम्बन्धमा ।**

गाउँपालिकाले यहि फाल्गुण मसान्त सम्म प्रदेशमा पठाउनुपर्ने प्रदेश समपुरक तथा विशेष अनुदानतर्फका योजनाहरुका सन्दर्भमा तपसिल बमोजिमका योजनाहरु प्रदेश समपुरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधिहरु बमोजिम तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशमा पठाउने निर्णय सर्वसम्मतीमा गरियो ।

**तपसिल**

**समपुरक अनुदानतर्फका योजनाहरु**

| क्र स | योजनाको नाम | कार्यावन्यन स्थल | लागत अनुमान | प्रदेश सरकार संग माग | स्थानिय तहवाट लगानी | कार्य सम्पन्न हुने समय |
|---|---|---|---|---|---|---|
| १ | बुढीचौर इक्चुङ सडक स्ल्याव ढलान | मकवानपुरगढी ८ | १,००,५१,२२०.६८ | ५०२५००० | ५०,२६,२२०.६८ | १ वर्ष |
| २ | ज्यामिरे खैरेनी ज्यामिरे सोलिथुम सडक स्ल्याव ढलान | मकवानपुरगढी ५ | १,०३,३२,३८१.०७ | ५१,५०,०००। | ५१,८२,३८१.०७ | १ वर्ष |
| ३ | भानुखोला क्याफल भन्ज्याङ भानुखोला वाग्दली सडक स्ल्याव ढलान | मकवानपुरगढी ६ | १,०२,२५,२३९.७० | ५१,१२,०००। | ५१,१३,२३९.७ | १ वर्ष |
| ४ | फुलवारी ठाटी टोल आपटार रानिशेरा सडङ्क स्ल्याव ढलान | मकवानपुरगढी १ | १,०४,११,४२९.६९ | ५२,००,०००। | ५२,११,४२९.६९ | १ वर्ष |
| ५ | सामरी वरवोट मक्रान्चुली मगर डाडा देलिघृअ सडङ्क स्ल्याव ढलान | मकवानपुरगढी ३ | १,०३,५७,४३८.११ | ५१७५०००। | ५१,८२,४३८.११ | १ वर्ष |
| ६ | सामरीपुल मनकामना मक्रान्चुली सडक स्ल्याव ढलान | मकवानपुरगढी ४ | १,०५,४९,१३३.०२ | ५२,५०,०००। | ५२,९९,१३३.०३ | १ वर्ष |
| ७ | गैरीभन्ज्याङ धर्मपानि छाप सडक स्ल्याव ढलान | मकवानपुरगढी २ | १,०३,५६,७४८.०१ | ५१,००,०००। | ५२,५६,७४८.०१ | १ वर्ष |
| ८ | सुकौरा खोर भन्ज्याङ सडक स्ल्याव ढलान | मकवानपुरगढी ७ | १,००,१८,४११.६७ | ५०,०९,०००। | ५०,०९,४११.६७ | १ वर्ष |

**विशेष अनुदान तर्फका योजनाहरु**

| क्र.स. | योजनाको नाम | कार्यन्वयन स्थल | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | छाप खानेपानी योजना | मकवानपुरगढी वडा न २ | ७७,८०,१९७६२ | |
| २ | डुम्रेकुना खानेपानी योजना | मकवानपुरगढी वडा न ६ | ८८,२८,८७३।४० | |
| ३ | लाइनापाखा खानेपानी योजना | मकवानपुरगढी - , रानीशेरा | ८०,६१,१८४।०० | |

अध्यक्ष

Scanned with CamScanner

विविध

विविध सम्बन्धमा तपसिल वमोजिमको निर्णय गरियो ।

- यस गाउँपालिकाको वडा नं. ८, बुढिचौर हुँदै इपादेखि काठमाडौं जोड्ने बहुचर्चित सडक वासुदेव मार्गको स्तरीकरण, नँया ट्र्याक खोल्ने तथा पक्की बनाई स्थायी रुपमा सडक सञ्चालन गर्ने नीति अनुरुप बुढिचौर इपाखण्डको २५ किलोमिटर सडक निर्माणलाई निरन्तरता दिनका लागि सो खण्डको विस्तृत परियोजना प्रतिवेदन बनाई सो योजनामा आवश्यक बजेट विनियोजन गर्न तथा कार्यान्वयन गर्न सड्क डिभिजन कार्यालयमार्फत सम्बन्धीत मन्त्रालय तथा निकायलाई अनुरोध गर्ने । ।

Scanned with CamScanner

बालमैत्री स्थानीय शासन आचारसंहिता, २०७७

मकवानपुरगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मक्रान्चुली, मकवानपुर.

बागमती प्रदेश,नेपाल

## बालमैत्री आचार संहीता-२०७७

बालमैत्री स्थानीय शासन कार्यान्वयन ,घोषणा तथा निरन्तरताका लागि मकवानपुरगढी गाउँ कार्यपालिकाले २०७७ फाल्गुन ०५ गते तयार

गरी कार्यपालिका द्वारा जारी गरिएको

## बालमैत्री आचार संहीता

Scanned with CamScanner

| वालवालिकाले पालना गर्ने आचार संहीता | अभिभावकले पालना गर्ने आचार संहीता | विद्यालय/संघ संस्था तथा व्यापारीले पालना गर्ने आचार संहीता | स्थानीयतहले पालना गर्ने आचार संहीता |
| --- | --- | --- | --- |
| → विद्यालय हाताभित्र बालमैत्री नियमको पालना गर्दै उछृङखल व्यवहार नगरी अनुशासित बन्ने । | → विद्यालयमा समय समयमा अनुगमन गरी पूर्ण शैक्षिक वातावरण सिर्जना गर्न आवश्यक सहयोग गर्ने । | → विद्यालयमा वालवालिका, अभिभावक र शिक्षकले पालना गर्नुपर्ने नीति नियमको बारेमा सचेत गराउने । | .वि.व्या.समितिको बैठकमा उपस्थित हुने ।<br>.विद्यालय हाता भित्र मध्यपान,धुम्रपान ,सुर्तिजन्य वस्तु प्रयोग निषेध गर्ने । |
| → वालसमुहहरुमा सक्रिय सहभागीता जनाउँदै कसैलाई कुनै पनि किसिमको भेदभाव नगर्ने। | → वालवालिकालाई अनुशासित र योग्य बनाउन वालसमुह तथा संस्कार सदनमा सहभागी हुन प्रेरित गर्ने र भेदभाव नगर्ने । | → वालवालिका तथा अभिभावकलाई वालसमुहको महत्वबारे सचेत गराउने ।<br>→ वालसमूहको नियमित वैठक गराउने । | .वालसमुह संजाल गठन संचालन, सहजीकरण, क्षमता बिकासकालागि अवसर दिने । |
| → विद्यालय र समुदाय स्तरमा सञ्चालित विभिन्न अतिरिक्त क्रिया कलापहरुमा सहभागी हुने।<br>→ वातावरण सरसफाई,संरक्षण प्रति ध्यान दिने<br>→ निर्धक्क रुपमा आफ्नो हक अधिकारको बारेमा कुरा राख्ने र कर्तव्यको बारेमा सचेत हुने । | → समुदाय र विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा सकृय सहभागी हुन प्रेरित गर्ने<br>→<br>→ वालवालिकालाई आमा वावूको माया वाट टाढां नराख्ने । | → घर परिवार तथा समाजमा बालमैत्री वातावरण सिर्जना गर्न अभिप्रेरित गर्ने ।<br>→<br>→ वालसमूह गठन ,परिचालन मार्ग निर्देशन २०७४ बमोजिम वालसमुह संचालन गर्ने | .विद्यालयमा भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री,फरक छेमता मैत्री निर्माण गर्ने<br>.असहाय,आनाथ,अपाङ्गता,संरक्षण विहीन वालवालिकाको पुर्नस्थापनाका लागि आवस्यक व्यवस्था गर्ने । |
| → वालविवाहको लागि कुनै पनि अवस्थामा मन्जुरी नहुने , अन्यत्र हुन लागेमा पनि रोक्ने र वडा कार्यालयमा खबर गर्ने | → वालविवाह, वालयौन दुर्व्यवहार ,निकृष्ट वालश्रम जस्ता कार्य नगर्ने गर्न पनि नदिने तथा सो देखिएमा सम्वन्धित वडा कार्यालयमा सूचना दिने । | → वालवालिकाहरु माथी हिंसा, दुर्व्यवहार, वालश्रम शोषण गर्नेलाइ दण्डित गर्ने र रोक्न सचेतना फैलाउने । | .वालवालिका माथि शोषण, हिंसा तथा दुर्व्यवहार गर्ने गराउनेलाई दण्डित गर्ने ।<br>.वालविवाह लागुपदार्थ वेचविखन,निकृष्टबालश्रम गर्ने गराउनेलाई दण्डित गर्ने |
| → वालवालिकाका आधारभूत आवश्यक्ताहरु पोषिलो खाना, आवाश, स्वास्थ्य, शिक्षा, अवसर, माया, संरक्षण लगाएतका वालअधिकारका विषयहरुवारे जानकारी राख्दै अरुलाई पनि सिकाउने । | → वालवालिकालाई वालअधिकार र कर्तव्यका कुराहरु सिक्न प्रेरित गर्दै अवसर पनि प्रदान गर्ने ।<br>→ वालवालिका द्वारा मध्यपान,धुम्रपान,सुर्तिजन्य वस्तु ओसार पसार, विर्की वितरण नगराउने | → दण्ड रहित र वालमैत्री वातावरणमा पठन पाठन गर्ने ।,<br>→ वालअधिकारको संरक्षण गर्ने ।<br>→ वालवालिका तथा अभिभावकहरुलाई वालअधिकार सम्वन्धी सचेत गराउने । | .विद्यालय जाने उमेरका सबै वालवालिकालाई विद्यालयको पहुचमा पुर्‍याई गुणस्तरीय शिक्षणको सुनिस्चितता गर्ने ।<br>.वालमैत्री स्थानीय शासन युक्त विद्यालय घोषणाका लागि आवश्यक अनुगमन तथा वातावरण तयार गर्ने । |
| → भिन्न क्षेमता (**अपाङ्गता**) भएका वालवालिकालाई सहयोग गर्ने<br>→ आफुले सकेको काममा परिवारलाई सहयोग गर्ने ।<br>→ वजारिया खाना भन्दा घरायसी खाना खाने ।<br>→ वाल दुर्व्यवहार,विभेद,श्रम शोषण विरुद्ध आवाज उठाउने | → भिन्न क्षमता भएका वालवालिकाहरुको आवश्यकताको पहिचान गरी सहयोग पुर्‍याउन पहल गर्ने<br>→ छोरा छोरीमा विभेदपूर्ण व्यवहार नगर्ने । | → गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्ने ।<br>→ .संघ संस्थामा निर्माण गरिने भौतिक संरचना वालमैत्री तथा ,फरक क्षेमता मैत्री वनाउने<br>→ विद्यालय हाता भित्र मध्यपान,धुम्रपान,सुर्तिजन्य वस्तु प्रयोग | .वालवालिकाद्धारा बालमैत्री योजना छनौट गरि कार्यान्वयनका लागि बार्षिक योजनामा समावेस गर्ने ।<br>.विद्यालय स्तरीय प्रजनन स्वास्थ्य,पोषण,आत्मरक्षा सम्वन्धी अन्तरकृयाको व्यवस्था गर्ने । |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| बालबालिकाले पालना गर्ने आचार संहीता | अभिभावकले पालना गर्ने आचार संहीता | विद्यालय/संघ संस्था तथा व्यापारीले पालना गर्ने आचार संहीता | स्थानीयतहले पालना गर्ने आचार संहीता |
|---|---|---|---|
| → यातायातका साधनमा जथाभावी नझुण्डिने,ट्राफिक नियमको पालना गर्ने । | | निषेध गर्ने | |
| → आफुले नबुझेको र नजानेको कुरा शिक्षक तथा आफ्नो अभिभावकलाई सोध्ने<br>→ आफुसंग सम्वन्धित पारिवारिक छलफल तथा निर्णयमा सहभागी हुने ।<br>→ अनुशासनहीन कार्यमा सहभागि नहुने | → अभिभावक समक्ष निर्धक्क संग बालवालिकाले आफ्नो कुरा राख्न सक्ने वातावरण सिर्जना गर्ने ।<br>→ घर भित्रको वातावरण,व्यवहार र बोलीलाई बालमैत्री बनाउने । | → वडा,तथा गापाको योजना छनौट प्रकियामा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चत गराउने ।<br>→ बाल उध्यानको व्यवस्था गर्ने ।<br>→ विद्यालयमा प्रजनन स्वास्थ्य,पोषण,आत्मरक्षा सम्बन्धी कार्यक्रमको व्यवस्था गर्ने | → स्थानीय सरकार संचालन ऐन, नियम रणनीतिले दिएको अधिकार प्रयोग गरि वडालाई बालमैत्री घोषणा गर्ने ।<br>→ गाउँपालिका क्षेत्र भित्रका बालबालिकालाई वडा भेला, योजना तर्जुमा समिति र योजना तर्जुमा प्रक्रियाका चरणमा बालबालिकाको अर्थपूर्ण सहभागीताको सुनिश्चितता गर्ने । |
| → गाउँ घरमा हुन लागेको तथा भइरहेको बालविवाह, बालयौन दुर्व्यवहार तथा निकृष्ट बालश्रम जस्ता कुराहरु हुन नदिने सोको जानकारी सम्वन्धित वडालाई दिने । | → आफ्नो घरमा कुनै पनि बालबालिकाको बालविवाह नगर्ने र गर्न पनि नदिने<br>→ निकृट बालश्रममा नलगाउने र अरुलाई पनि सचेत गर्ने | → आफनो उद्योग धन्दामा बालबालिका प्रयोग नगर्ने<br>→ बालविवाह र बालयौन दुर्व्यवहारलाई अन्त्य गर्न सधै प्रयासरत रहने । | → निकृष्ट बालश्रम ,बालविवाह मुक्त वडा घोषणा र निरन्तरता गर्ने<br>→ बालविवाह हुन नदिनका लागि सरोकारवालाहरुलाई निरन्तर सचेत गर्ने गराउने । |
| → घरमा समय तालिका बनाई पढ्ने लेख्ने, खेल्ने सुत्ने, ।<br>→ आधुनिक प्रविधिको उचित प्रयोग गर्ने । | → पढ्न लेख्न, खान, सुत्न, खेल्न र सञ्चारका आधुनिक प्रविधिको उचित प्रयोग गर्न समय तालिका बनाउने ।<br>→ नियमित स्वास्थ्य परिक्षण गर्नुका साथै खोप लगाउने व्यवस्था मिलाउने । | → समुदायमा बालस्वास्थ्य सम्बन्धी सचेतना जगाउनुको साथै व्यक्तिगत सरसफाई र पोषण सम्बन्धी जानकारी गराउने ।<br>→ विद्यालय भित्रको वातावरण,व्यवहार र बोलीलाई बालमैत्री बनाउने ।<br>→ | → विषयगत सेवा प्रदायक निकाय ,शाखा सँग निरन्तर वहस छलफल गरि उचित सेवा प्रवाहको वातावरण निर्माण गर्ने<br>→ विद्यालयमा शुद्ध पिउने पानीको व्यवस्था गर्ने |
| → सुर्ती जन्य, मादक पदार्थको प्रयोग तथा खरिद बिक्रि एंव दुर्व्यसनमा संलग्न नहुने । | → मादक पदार्थ तथा सुर्ती जन्य पदार्थको खरिद बिक्रिमा बालबालिकालाई संलगन नगराउने र बालबालिका अगाडि प्रयोग नगर्ने | → धुम्रपान, मद्यपान, सुर्ती जन्य सामाग्रीहरु खरिद बिक्रि ओसार पसार गर्न बालबालिकालाई नलगाउने र अरुलाई पनि सचेत गराउने । | → कानूनी आधारमा लागूऔषध, कुलत कुसंगती न्यूनीकरणका लागि सम्वन्धित निकायको सहयोग लिई कार्य गर्ने । |
| → बालअधिकारको हनन भएको अवस्था देखेमा सम्बन्धित निकायमा खबर पुऱ्याउने । | → कुलत तथा दुर्व्यसनमा फस्न नदिनुका साथै घरपरिवार तथा समुदायमा त्यस्तो अवस्थालाई निरुत्साहित गर्ने । | → विद्यालय हाता भित्र धुम्रपान, मद्यपान, सुर्ती जन्य सामाग्रीहरु प्रयोग नगर्ने र आसपास क्षेत्रमा बिकि वितरण पनि नगर्ने<br>→ बालअधिकार हननका घटनाहरु अनुगमन गर्दै त्यसको समाधानका लागि आवश्यक पहल | → निरन्तर घरदैलो अनुगमन तथा उत्प्रेरणा जागरण गर्ने ।<br>→ बालबालिकाहरुलाई युद्ध,,नारा जुलुश,राजनीतिक कार्यक्रममा संलगन नगराउने । |

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मक्रान्चुली, मकवानपुर बागमती प्रदेश, नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| बालबालिकाले पालना गर्ने आचार संहीता | अभिभावकले पालना गर्ने आचार संहीता | विद्यालय/संघ संस्था तथा व्यापारीले पालना गर्ने आचार संहीता | स्थानीयतहले पालना गर्ने आचार संहीता |
|---|---|---|---|
| | | गर्ने ।<br>→ निर्माण ,यातायात,होटेल,उद्योग ब्यापार आदि मा बालश्रम निषेध गर्ने | |
| → अपरिचित व्यक्तिको ललाई फकाई तथा प्रलोभनमा नफस्ने ।<br>→ राजनीतिक दलको सभा,जुलुसमा सहभागि नहुने । | → अपरिचित व्यक्तिको ललाई फकाई तथा प्रलोभनमा नफस्न बालबालिकालाई सचेत गराउने ।<br>→ बालबालिकालाई हिंसा दुर्व्यवहारबाट कसरी बच्ने जानकारी दिने । | → बालबालिकाहरुको सानदर्भिक सहभागिता गराउने ।<br>→ बालमैत्री गतिविधीका लागि नियमित बजेट विनियोजन गर्ने<br>→ बालसमुह संचालनमा सहजीकरण गर्ने । | → बालमैत्री सूचक प्राप्त भएका कागजात व्यवस्थापन गर्ने ।<br>→ गाउँपालिका तथा वडाहरुमा बालमैत्री शाखा स्थापना गर्ने |
| → आफू आवद्ध रहेको वा आफूलाई बोलाइएको सामाजिक संस्थाको बैठकमा नियमित र सक्रिय अर्थपूर्ण सहभागी हुने<br>→ बालसमुह मार्फत बाल सहभागिता अभिवृद्धिमा पहल गर्ने | → बालसमुह तथा बालबालिका आवद्ध भएको सामाजिक संघ संस्थाको कार्यक्रम तथा बैठकमा अर्थपूर्ण सहभागीताको लागि प्रेरित गर्ने । | → विद्यालय व्यवस्थापन समितिमा आमन्त्रित, बालसमुह तथा विभिन्न सामाजिक संरचनामा बालबालिकालाई संस्थागत अर्थपूर्ण सहभागीता गराउने । | → अर्थपूर्ण बाल सहभागीताको लागि विषयगत सरोकारवाला संग निरन्तर समन्वय गर्ने |
| → दिसा पिसावको लागि चर्पीको प्रयोग र चर्पीको सरसफाइ गर्ने ।<br>→ विद्यालय हाता भित्र सरसफाइ राख्न सहयोग गर्ने | → सुलभ तथा बालमैत्री शौचालयको व्यवस्था गरिदिने ।<br>→ स्वच्छ खानेपानीको व्यवस्था गर्ने र हात धुने बानी सिकाउने । | → बालमैत्री ,फरक क्षमता मैत्री शौचालयको व्यवस्था गरि दिने ।<br>→ छात्रामैत्री संरचना सहितको शौचालय निर्माण गर्ने । | → शौचालयको प्रयोग, सरसफाई तथा खुला दिशामुक्त वडा निरन्तरताका लागि सचेत रहने । |
| → व्यक्तिगत सरसफाईमा ध्यान दिदै हात धुनु पर्ने अवस्था बुझ्ने र कार्यान्वयन गर्ने ।<br>→ वतावरणीय सरसफाईमा ध्यान दिने । | → नियमित सरसफाई जस्तै नङ काट्ने, कपाल कोर्ने,काट्ने, ब्रस गर्ने, साबुन पानीले हात धुने, नुहाउने आदि कुराको ख्याल गर्ने । | → स्वच्छ पिउने पानीको व्यवस्था गर्नुको साथै सरसफाइ सम्बन्धी सचेतना जगाउने । | → सबै घरधुरीमा पिउन योग्य पानीको व्यवस्थापन सुनिश्चित गर्ने<br>→ विद्यालयहरुका शौचालय बालमैत्री,क्षात्रा मैत्री ,फरक क्षमता मैत्री बनाउने । |
| → पोषिलो खानेकुरा खाने , भाइ बहिनी र साथीलाई पनि खानको लागि प्रेरित गर्ने ।<br>→ ६ महिना सम्मको बालबालिकालाई आमाको दुध मात्र खुवाउनका लागि अभिभावकलाई सचेत गराउने । | → समयमा खाजा र सन्तुलित भोजनको व्यवस्था मिलाउने क्रममा पोषण युक्त खाने कुरा र जन्मान्तरको व्यवस्था गर्ने । | → पोषणयुक्त खानेकुरा र सन्तुलित भोजनको विषयमा अभिभावक तथा बालबालिकालाई सचेत गराउने ।<br>→ विद्यालय बालमैत्री स्थानीय शासन युक्त बनाउने | → पोषिलो खाना तथा स्थानीय रुपमा व्यवस्थापन सम्बन्धी ज्ञान, सिप, धारणाको प्रवाह गर्ने<br>→ बालविकास केन्द्रमा दिवा खाजाको व्यवस्था गर्ने |
| → आवश्यक परेको खण्डमा सुरक्षित हुदै घरपरिवारको ज्येष्ठ सदस्यको अनुमति लिएर मात्र बाहिर निस्कने । | → आवश्यक परेको सन्दर्भमा बालबालिकाको उपस्थितीको आवश्यकतालाई मध्यनजर गरि सम्बन्धित क्षेत्रमा अर्थपूर्ण सहभागीता गराउने | → घरबाट बाहिर निस्किदा बालबालिका माथि हुन सक्ने दुर्व्यवहार र त्यसबाट बच्ने उपाय बारे सचेत गराउने । | → समुदायमा आधारित बालसंरक्षणमा काम गरिरहेका समुह संगठन संग निरन्तर समन्वय गर्ने |

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर
बागमती प्रदेश, नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| बालबालिकाले पालना गर्ने आचार संहीता | अभिभावकले पालना गर्ने आचार संहीता | विद्यालय/संघ संस्था तथा व्यापारीले पालना गर्ने आचार संहीता | स्थानीयतहले पालना गर्ने आचार संहीता |
|---|---|---|---|
| → विद्यालय भर्ना अभियान, खोप अभियान, सरसफाई सप्ताह लगाएतका राष्ट्रिय अभियानहरुमा बालसमुह मार्फत सक्दो जनचेतना र सहयोग गर्ने | → बालबालिकालाई जन्म दर्ता,समयमा विद्यालय भर्ना गर्ने,<br>→ बालबालिकालाई असल संस्कार दिने | → जन्म दर्ता अभियान, विद्यालय भर्ना अभियान, खोप अभियान, सरसफाई सप्ताह लगाएतका राष्ट्रिय अभियानहरु सञ्चालन गर्ने । | → घटना दर्ता तथा अन्य अभियान जस्ता कार्यक्रमको आयोजना तथा तथ्याङ्क अध्यावधीक गर्ने |
| → साना भाई बैनीलाई बालविकास केन्द्रमा भर्ना गर्न अभिभावकलाई प्रेरित गर्ने । | → साना बालबालिकालाई बालविकास केन्द्रमा भर्ना गर्ने ।<br>→ डर,त्रास तथा अनावश्यक रुपले नहप्काउने | → उमेर पुगेका बालबालिकालाई मात्र बालविकास केन्द्र,बिद्यालयमा भर्ना गर्ने<br>→ बालविकास केन्द स्थापना तथा सञ्चालन गर्ने<br>→ कमजोर विद्यार्थीहरुकालागि अतिरिक्त कक्षा संचालन गर्ने | → बालविकास केन्द्रको अवस्था निरन्तर अनुगमन गर्ने<br>→ बालविकास केन्द्रको उचित व्यवस्थापन गर्ने<br>→ उमेर पुगेका बालबालिकालाई मात्र भर्ना गर्न दिने । |
| → बालमैत्री स्थानीय शासनको प्रर्वद्धनमा बालसमुहका सदस्यहरु परिचालन गर्ने । | → बालमैत्री स्थानीय शासनको प्रवर्द्धन, घोषणा तथा निरन्तरता गर्ने कार्यमा पूर्ण रुपमा प्रतिवद्धताका साथ लाग्ने । | → बालमैत्री लगानी योजना तर्जुमा र कार्यान्वयन गर्ने<br>→ बालमैत्री स्थानीय शासन अभियानको सफलताका लागि पूर्ण रुपमा सर्मर्पित हुने ।<br>→ उमेर,क्षमता र अवस्थानुसार बालमैत्री व्यवहार गर्ने | →<br>→ बालबालिकाका लागि आवधिक लगानी योजना निर्माण गरि कार्यान्वयन गर्ने<br>→ बालमैत्री योजना कार्यान्वयनको अवस्था अनुगमन गर्ने । |
| → आफूभन्दा ठूलालाई आदर र सानालाई माया गर्ने ।<br>→ आफु भित्र रहेको प्रतिभा प्रष्फुटनका लागि सकृय रहने | → बालबालिकालाई घरायसी आदर सम्मान सम्वन्धी बानीको विकास गराउने | → घरायसी आदर सम्मान बारे बालबालिकालाई क्षमता विकास गर्ने<br>→ बाल सहभागिता गराउदां अभिभावकको स्वीकृति लिने | → समाजमा सामाजिक संस्कार स्थापनाका लागि कार्यक्रम गर्ने<br>→ बालमैत्री ऐन कानुन कार्यान्वयन गर्ने |
| → बालबालिकाका योजना कार्यान्वयन भए नभएको अनुगमन गर्ने | → आफ्ना छोरी छोरालाई कम्तीमा ६ महिनासम्म पूर्ण स्तनपान गराउने । | → बाल सहभागितामा अतिरिक्त कृयाकलाप क्यालेन्डर तयार गर्ने<br>→ बालमैत्रीमा आधारित अतिरिक्त कृयाकलाप गरि बालबालिकालाई समावेश गर्ने | → जेहेन्दार, उत्कृष्ट बालबालिकाको सम्मानका लागि कार्यक्रमको निर्माण गर्ने |

नोट : बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ ,कार्यान्वयन कार्यविधि २०६८ बमोजिम मिति २०७७ फाल्गुन ०५गते यस मकवानपुरगढी कार्यपालिकाले बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि-२०६८ ले निर्धारण गरेको न्युनतम सूचक प्राप्तीका लागि बालमैत्री आचार संहिता तयार गरी कार्यपालिका द्वारा कार्यान्वयनमा ल्याइएको छ ।

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर, बागमती प्रदेश, नेपाल

Scanned with CamScanner